नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, मंसिर १० गते, २०८३ साल (संख्या ५०

भाग ५

नेपाल सरकार

अर्थ मन्त्रालयको

सूचना

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८३ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी देहायको निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

(क) आर्थिक ऐन, २०८३ को दफा ४९ को उपदफा (१) बमोजिमको सुविधा उपभोग गर्ने व्यक्तिले सो ऐन जारी हुँदाका बखत त्यस्तो शुल्क, दस्तुर वा कर प्रशासन गर्ने निकायमा निवेदन दिन सक्ने र त्यस्तो कार्यालयले विवरणको ढाँचा तोकी निवेदन लिने, पेश भएका कागजात तथा विवरणको अभिलेख राख्ने, त्यस्तो अभिलेखको विस्तृत परीक्षण, भिडान

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा छानबिन आवश्यक देखिएमा आफैं वा अन्य सम्बन्धित निकायमा पठाउन सक्ने, र

(ख) आर्थिक ऐन, २०८३ को दफा ४९ को उपदफा (२) बमोजिमको सुविधा उपभोग गर्ने व्यक्तिले त्यस्तो शुल्क वा दस्तुर निर्धारण गर्ने कार्यालयमा निवेदन दिन सक्ने।

आज्ञाले,

डा. घनश्याम उपाध्याय

नेपाल सरकारको सचिव।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।